राष्ट्रिय सूचना आयोगले

प्रथम ६ महिना (२०७१ माघ - २०७२ असार) मा

सम्पादन गरेका प्रमुख कार्यहरू

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

राष्ट्रिय सूचना आयोग

कृष्णहरि बाँस्कोटा

प्रमुख सूचना आयुक्त

किरणकुमार पोखरेल

सूचना आयुक्त

यशोदादेवी तिम्सिना

सूचना आयुक्त

लक्ष्मण प्रसाद मैनाली

सचिव

आयोगको पहिलो ६ महिनाको प्रगति

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ' व्यहोरा उल्लेख भएको छ । यसै गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने' व्यवस्था गरिएको छ । यसरी नागरिकको मौलिक हकका रूपमा रहेको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि स्वतन्त्र राष्ट्रिय सूचना आयोग गठन गरिने कानुनी व्यवस्था छ । सोही अनुरूप गत २०७१ पुष ३० गतेदेखि आयोगमा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूले पदवहाली गरी कार्यारम्भ गरेपछिको पहिलो ६ महिनामा सम्पादन भएका प्रमुख कामहरूको झलक यस पुस्तिकामा समेटिएको छ ।

राष्ट्रिय सूचना आयोगले यस अवधिमा आयोगको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि, आयोगमा कार्यरत कर्मचारीको आचारसंहिता र सरकारी निकायले स्वतः प्रकाशन गर्नुपर्ने निर्देशिका जारी गरेको छ । गत २०७२ वैशाख १२ र २९ गतेको विनाशकारी भूकम्पपछिको उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणको काममा पूर्णतः पारदर्शिता अवलम्बलन गर्न नेपाल सरकार र सार्वजनिक निकायलाई सजग गराएको छ । आयोगले मन्त्रालय र केन्द्रीय स्तरका प्रशासकीय प्रमुखको नाममा ३।३ महिनमा नियमितरूपमा स्वतः प्रकाशन गर्न, सूचना अधिकारी तोक्न र सूचना मागको छुट्टै रजिस्टर खडा गरी सूचना प्रवाह गर्न आदेश जारी गरेको छ । यसै गरी प्रशिक्षण र स्कुलको पाठ्यक्रममा सूचनाको हकका विषयलाई समेट्न सम्बन्धित निकायसँग पहल गरेको छ । यस अवधिमा आयोगले सूचनाको हकका क्षेत्रमा उच्च विदेशी पदाधिकारी र सरोकारवालाहरूसँग नियमित भेटघाट र छलफल गरेको छ । सूचनाको हकका क्षेत्रमा अभियन्ता र प्रशिक्षक तयार गर्न प्रशिक्षक प्रशिक्षण र जिल्ला स्तरीय सूचनाको हकको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । साथै आयोगले सूचना अधिकारी र संचारकर्मी बीच छुट्टाछुट्टै निबन्ध प्रतियोगिताको आयोजना गरेको छ ।

आयोग गठन भएको यस प्रथम ६ महिनाको अवधिका आयोगले सूचनाको हकसम्बन्धी ऐनमा गर्नुपर्ने सम-सामयिक सुधारको मस्यौदा तयार गरेको छ । साथै सूचनाको हकसम्बन्धी ऐन सँग बाझिएमा ऐनका प्रावधानहरूको पहिचान गरेको छ । यस अवधिमा आयोगले सरकारी मन्त्रालय र

विभागको RTI Audit गरेको छ । आयोगको सक्रियतासँगै यस क्षेत्रमा कार्यरत अभियान्ता र गैरसरकारी संस्थाको क्रियाशीलतामा पनि बढोत्तरी भएको छ । साथै स्वत: प्रकाशन गर्ने, सूचना अधिकारी तोक्ने र सूचना दिने प्रवृत्तिमा पनि सुधार आएको छ । नागरिकहरू आफ्नो अधिकारप्रति सजग हुँदै गएको पाइएको छ । सार्वजनिक निकायहरूले जिम्मेवारी बोध गर्न थालेका छन् । अनलाइनबाट पनि सूचना पाउने पद्धति जडान गरिएको छ । यसरी समष्टिमा आयोगको प्रथम ६ महिना सफल भएको महसुस गरिएको छ ।

अन्त्यमा, आयोगको काममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सघाउ पुऱ्याउने सबैप्रति आयोगको तर्फबाट आभार व्यक्त गर्न चाहन्छु । साथै आयोगमा कार्यरत कर्मचारीको क्रियाशीलता र सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

कृष्णहरि बाँस्कोटा

प्रमुख सूचना आयुक्त

राष्ट्रिय सूचना आयोगले
प्रथम ६ महिना (२०७१ माघ - २०७२ असार) मा
सम्पादन गरेका प्रमुख कार्यहरू

१. आयुक्तहरूको नियुक्ति

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७१ पुष २४ गतेको निर्णयद्वारा राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्त पदमा श्री कृष्णहरि बाँस्कोटा र सूचना आयुक्त पदमा श्री किरणकुमार पोखरेल तथा श्री यशोदादेवी तिम्सिना नियुक्त हुनुभएको हो । उहाँहरूले २०७१ पुष ३० गते सम्माननीय प्रधानमन्त्री श्री सुशील कोईरालासँग शपथ ग्रहण गरी पद बहाली गर्नुभयो । हाल यो अवधि ६ महिना पूरा भएको छ । तीनै जना आयुक्तहरू पाँच वर्षका लागि नियुक्त हुनुभएको हो ।

२. प्रथम तीन महिनाको कार्य प्रगति सार्वजनिक

यस आयोग गठन भएको प्रथम तीन महिना (२०७१ माघ, फागुन र चैत्र) मा सम्पादन भएका प्रमुख कार्यहरूको झलक गत २०७२ वैशाख २ गते सार्वजनिक भएको थियो । संविधानसभाका सम्माननीय अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङको प्रमुख आतिथ्यमा सिंहदरबार ग्यालरी बैठकमा आयोजित समारोहमा आयोगले ३१ बुँदे कार्यप्रगति विवरण सार्वजनिक गरेको थियो ।

३. आयोगका बैठकका निर्णयहरू

यस ६ महिनाको अवधिमा आयोगको १८ वटा बैठक बसेका छन् । बैठकका प्रमुख निर्णयहरू निम्नानुसार छन् :

३.१ लोकतन्त्र प्राप्तिको संघर्षमा सहादत प्राप्त गर्ने अमर सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्ने ।

३.२ आयोगको बैठक व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७२ जारी भएको ।

३.३ आयोगमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०७२ जारी भएको ।

३.४ सरकारी निकायले स्वतः प्रकाशन (Pro-Active Disclosure) गर्नुपर्ने सम्बन्धी निर्देशिका, २०७१ जारी भएको ।

३.५ २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पमा मृत्यु हुनेहरूको आत्माको चिर शान्तिको कामना गर्दै सरकारी र सबै सार्वजनिक निकायले सम्पादन गर्ने उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माण लगायतको काममा पूर्णतः पारदर्शीता अवलम्बन गरी जनतालाई सुसूचित गर्न आयोगबाट ९ बुँदे ध्यानाकर्षण वक्तव्य जारी गरिएको ।

३.६ भूकम्पपछिको परिस्थितिलाई आँकलन गरी सम्माननीय प्रधानमन्त्री समक्ष १४ बुँदे सुझाव प्रस्तुत गरिएको ।

३.७ आयोगमा परेका पुनरावेदन उपर निर्णय भएको ।

४. भूकम्पपछिको उद्धार, राहत, पुनर्स्थापना, पुनर्निर्माण लगायतको कार्यमा पारदर्शीता अपनाउने सुझाव प्रस्तुत

२०७२ वैशाख १२ र २९ गतेका विनाशकारी भूकम्पपछिको उद्धार, राहत, पुनर्स्थापना, पुनर्निर्माण लगायतको कार्यमा पारदर्शीता अपनाउन आयोगले २०७२ जेठ ११ गते सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइरालासमक्ष १४ बुँदे सुझाव पत्र बुझाएको थियो । ती सुझावहरूको सारांश निम्नानुसार रहेको छ :

४.१ संकटको अवस्थामा भ्रमपूर्ण सूचना प्रवाह हुन नदिन छोटो समयको अन्तरालमा नियमित रूपमा आधिकारिक सूचना प्रवाह गर्ने ।

४.२ आधिकारिक सूचना आवश्यकतानुसार विज्ञापनको रूपमा पनि प्रकाशित/प्रसारित गर्ने ।

४.३ आम जनताले उद्धार र सहयोगका लागि सम्पर्क गर्ने पदाधिकारीहरूको नामावली सार्वजनिक गर्ने ।

४.४ दाताबाट प्राप्त सहयोगमा पारदर्शीता अपनाउने ।

४.५ उद्धार र राहतमा संलग्न सरकारी र अन्य निकायले पूर्णत: पारदर्शीता अपनाउने ।

४.६ दैनिक जीवनमा आवश्यक सेवा र सुविधालाई चुस्त र दुरुस्त तुल्याउने ।

४.७ संकटग्रस्त घोषित जिल्लामा कार्यरत संचार माध्यमलाई विशेष सुविधा दिने ।

४.८ प्राकृतिक विपत्तिका बेला पूर्ण सावधानी अपनाउने ज्ञान र सीपको प्रचार गर्ने ।

४.९ सरकारका घोषित राहत कार्यक्रमहरू स्पष्ट हुनुपर्ने ।

४.१० तोकिएका मापदण्डहरूको बारे जनतामा प्रचार गर्ने ।

४.११ नागरिकको गुनासो सुन्ने व्यवस्था गर्ने ।

४.१२ विपत्त समाचार संकलनमा खटिएका सञ्चारकर्मीलाई प्याकेज सुविधा घोषणा गर्ने ।

४.१३ मिडिया हाउसका लागि पनि सुविधायुक्त प्याकेज घोषणा गर्ने ।

४.१४ आयोगले सिफारिस गरेको अतिरिक्त पनि संचारकर्मीलाई सरकारका तर्फबाट उचित राहत प्रदान गर्ने ।

५. मन्त्रालय र केन्द्रीय स्तरका निकायमा सचिवको नाममा आदेश जारी

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायको दायित्व अन्तर्गत नेपाल सरकारका २७ वटा मन्त्रालय र अन्य २१ वटा केन्द्रीयस्तरका निकायका विशिष्ट श्रेणीका पदाधिकारीको नाममा आयोगले निम्नानुसार ३ बुँदे आदेश जारी गरेको छ :

५.१ प्रत्येक ३/३ महिना व्यतीत भएको १५ दिनभित्र आफ्नो निकाय र मातहत निकायबाट स्वत: प्रकाशन गर्नुपर्ने विवरण सार्वजनिक गर्ने ।

५.२ अनिवार्य रूपमा सूचना अधिकारी तोक्ने ।

५.३ आफ्नो निकाय र मातहत निकायमा सूचना माग गर्न आउनेको छुट्टै अभिलेख राख्ने प्रवन्ध गर्ने ।

६. सरकारी तालिम केन्द्रलाई विशेष आदेश

राष्ट्रिय सूचना आयोगले नेपाल सरकारका १९ वटा तालिम केन्द्रहरूलाई आ-आफ्नो निकायबाट तालिम कार्यक्रम संचालन गर्दा सूचनाको हकसम्बन्धी विषयलाई अनिवार्य रूपमा तालिम पाठ्यक्रममा समावेश गर्न आदेश जारी गरेको छ ।

७. पाठ्यक्रममा सूचनाको हक समावेश गर्ने पहल

आयोगको पहलमा आगामी शैक्षिक सत्रदेखि कक्षा ९ को सामाजिक शिक्षाको पाठ्यपुस्तकमा सूचनाको हकसम्बन्धी एउटा छुट्टै पाठ रहने प्रबन्ध गरिएको छ । कक्षा ८ को ऐच्छिक विषयका रूपमा सूचनाको हकको छुट्टै पाठ्यपुस्तक तयार हुँदै छ । कक्षा ६ देखि १० सम्मको पाठ्यक्रमको विश्लेषण (Gap Analysis) को काम सम्पन भई पाठ्यक्रममा समावेश गर्ने निर्णय भएको छ । साथै शिक्षकहरूका लागि सूचनाको हकसम्बन्धी मार्ग निर्देशन पुस्तिका तयार हुँदै छ ।

८. मिडिया हाउसको अवलोकन र सञ्चारकर्मीसँग छलफल

विनाशकारी भूकम्पबाट मिडिया हाउसमा पुगेको क्षति र यस कठिन घडीमा पनि आफ्नो कार्यक्षेत्रमा निरन्तर क्रियाशील सञ्चारकर्मीहरूसँग छलफल गर्ने ध्येयले आयोगका पदाधिकारीहरूबाट कान्तिपुर पब्लिकेसन, नयाँ पत्रिका, राजधानी, नेपाल रिपब्लिका मिडिया, कामना न्युज पब्लिकेसन, नेपाल न्युज नेटवर्क इन्टरनेसनल (अन्नपूर्ण पोष्ट), रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति, इन्टरनेशनल मिडिया नेटवर्क नेपाल (द हिमालयन टाइम्स), कारोबार दैनिक, आर्थिक अभियान राष्ट्रिय दैनिक, कमान्डर पोस्ट, हिमालय टाइम्स र एभिन्युज टिभीको स्थलगत अवलोकन गरिएको छ । यही अवलोकनका बेला संकलित सूचना र रायका आधारमा आयोगले नेपाल सरकारलाई १४ बुँदे सुझाव दिएको हो ।

९. उच्च पदस्थ विदेशी पदाधिकारीहरूसँग भेटघाट

आयोगका पदाधिकारीहरूबाट विभिन्न समयमा उच्च ओहदामा रहेका विदेशी पदाधिकारीहरूसँग भेटघाट गरी सूचनाको हकको प्रवर्द्धनका क्षेत्रमा गहन छलफल भएको छ ।

९.१ प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटाको नेतृत्वमा आयोगका तत्कालीन सचिव श्री जीवनप्रभा लामासहितको टोलीले बंगलादेशको भ्रमण गरेको बेला त्यहाँका सूचना मन्त्रीसँग शिष्टाचार भेट गरी दुई देशका आयोगबीच सहयोगको आदान-प्रदान गर्ने MOU तयार भै दुवै देशको सरकारबाट स्वीकृति गर्ने चरणमा रहेको छ ।

९.२ चिलीको सान्टिएगोमा आयोजित सूचना आयुक्तहरूको नवौँ विश्व सम्मेलनमा प्रमुख आयुक्त श्री कृष्णहरि बाँस्कोटा र आयुक्त श्री किरणकुमार पोखरेलबाट ICIC का President र अन्य समकक्षीहरूसँग छुट्टाछुट्टै भेटघाट र वार्तालाप भएको छ ।

९.३ प्रमुख आयुक्त श्री कृष्णहरि बाँस्कोटाको नेतृत्वमा क्यानडा गएको टोलीले संघीय सरकारका समकक्षीसँग भेटघाट गरी दुवै देशमा सम्पादित असल अभ्यास (Best Prectices) र अनुभवको आदान-प्रदान भएको छ। यस टोलीमा आयुक्त श्री यशोदा तिम्सिना, सचिव श्री लक्ष्मणप्रसाद मैनाली र उपसचिव गौलोचन सैँजुसहित समावेश हुनुहुन्थ्यो । भ्रमण टोलीले टोरोन्टोका सूचना आयुक्त लगायत थुप्रै सरकारी निकायका उच्च पदाधिकारी, वरिष्ठ पत्रकारहरू र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका कार्यकारी प्रमुखहरूलाई भेटी सूचनाको हकका क्षेत्रमा भएका नविनतम् प्रयोगहरूको जानकारी हासिल गरेको छ ।

९.४ बेलायत, डेनमार्क र स्विट्जरल्यान्ड सरकारको सहयोगमा संचालित 'सूचना' आयोजनाका सन्दर्भमा आयोगका पदाधिकारीहरूबाट ती निकायहरूमा कार्यरत उच्च पदाधिकारीहरूसँग समय-समयमा छलफल भएको छ ।

९.५ नेपालस्थित यु.एन.ओमेनका प्रमुख Mr. Ziad Sheikh र बैंककस्थित क्षेत्रीय निर्देशक Ms. Robeta Clarke ले आयोगमा आई सूचनाको हकका क्षेत्रमा महिलाको पहुँच विस्तार गर्ने गरी सशक्तीकरणका कार्यक्रम संचालन गर्न विशेष चाँसो देखाउनुभएको छ।

९.६ सूचनाको हकको क्षेत्रमा विश्व बैङ्कको नयाँ दिल्ली र काठमाडौँमा कार्यरत उच्च पदाधिकारीहरू आयोगमा आई यस क्षेत्रमा सहकार्य गर्न सकिने क्षेत्रका सन्दर्भमा विचार-विर्मश गर्नुभएको छ।

९.७ नेपाल भ्रमणमा आएको पाकिस्तानका सूचना आयुक्तहरूको टोलीले आयोगका पदाधिकारीहरूसँग विशेष छलफल गरेको छ।

१०. Open Government Data मा सहभागी

संयुक्त राष्ट्र संघीय Department of Public Administration and Development Management (DESA) ले Open Government Data कार्यक्रममा विश्वका ४ वटा मुलुकको छनोट गरेको छ। त्यसमा नेपाल, बंगलादेश, पानामा र उरुग्वे रहेका छन्। नेपालमा यस कार्यक्रमका लागि राष्ट्रिय सूचना आयोग मनोनयन भएको छ। यसर्थ आयोगले नेपालमा पहिलो चरणमा ३ दिने क्षमता अभिवृद्धि कार्यक्रम र दोस्रो चरणमा ५ दिने विशिष्टीकृत कार्यक्रम संचालन गर्दै छ। साथै क्षेत्रीय स्तरमा बैंककमा हुने कार्यक्रम र अन्तर्राष्ट्रिय स्तरको अनुभव आदान-प्रदान कार्यक्रममा पनि आयोगले सहभागिता जनाउने छ।

११. आ.व. २०७०।०७१ को प्रतिवेदन प्रस्तुत

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ बमोजिम आयोगबाट आ.व. २०७०।७१ मा सम्पादित कामको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत व्यवस्थापिका संसद्मा प्रस्तुत गरेको छ। यस सन्दर्भमा एक समारोहका बीच आयोगले आफ्नो वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइरालालाई बुझाउनुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत सबै सभासद्ले पाउने गरी संसद् सचिवालयमा पठाएको छ।

१२. विकास समितिमा विशेष छलफल

माननीय सभापति श्री रवीन्द्र अधिकारीको अध्यक्षतामा बसेको व्यवस्थापिक संसद्को विकास समितिको बैठकमा आयोगले सूचनाको हकको प्रभावकारी प्रचलनका लागि अख्तियार गर्नुपर्ने रणनीति सहितको सुझाव प्रस्तुत गरेको छ। सो बैठकमा समितिका माननीय सदस्यहरूको साथै नेपाल सरकारका मुख्य सचिव र सचिवहरूको उपस्थिति थियो। छलफलपछि समितिले नेपाल सरकारका मन्त्रालयहरूलाई विशेष निर्देशन जारी गरेको छ।

१३. लैङ्गिक समानता र महिला सशक्तीकरणमा पहल

आयोगद्वारा निजामती, जंगी र प्रहरी संगठनहरूका उच्च पदस्थ महिला पदाधिकारीहरूको अन्तरक्रिया कार्यक्रमको आयोजना गरी लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि पहल गरेको छ। यसका लागि सूचनाको हक एउटा महत्वपूर्ण माध्यम हुने विषयमा गम्भीर छलफल भएको छ। यस अतिरिक्त विनाशकारी भूकम्पपछिको उद्धार, राहत वितरण एवं पुनर्निर्माण लगायतका योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा महिलाको सहभागिता सुनिश्चित गर्न र यस्ता काम कारवाही सम्बन्धी सूचनाको पहुँचमा महिलाको सहभागिता सुनिश्चित गर्ने पहलको आरम्भ गरिएको छ। यी कार्यक्रममा यु.एन.ओमेनको सहयोग रहेको छ।

१४. प्रशिक्षक प्रशिक्षणको आयोजना

सूचनाको हकका क्षेत्रमा अभियान्ता तयार गर्ने, यस क्षेत्रमा प्रशिक्षक उत्पादन गर्ने र विज्ञहरूको रोस्टर तयार गर्ने ध्येयले ४ वटा छुट्टाछुट्टै प्रशिक्षक प्रशिक्षण संचालन गरिएको छ । यस्तो प्रत्येक प्रशिक्षण ३/३ दिने रहेको थियो ।

१४.१ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको सहयोगमा आयोगले नेपाल सरकारका प्रशिक्षण केन्द्रमा कार्यरत प्रशिक्षकहरूलाई सूचनाको हकका क्षेत्रमा अभियान्ता प्रशिक्षक प्रशिक्षण प्रदान गरेको छ ।

१४.२ आयोगले न्याय सेवा प्रशिक्षण केन्द्रको सहयोगमा केन्द्रीय स्तरका निकायमा कार्यरत सूचना अधिकारीहरूलाई सूचनाको हकका क्षेत्रमा प्रशिक्षक प्रशिक्षण प्रदान गरेको छ ।

१४.३ हुलाक सेवा तालिम केन्द्रको सहयोगमा आयोगले हुलाक सेवा विभाग, क्षेत्रीय हुलाक निर्देशनालय र जिल्ला हुलाक कार्यालयमा कार्यरत अधिकृत तथा कार्यालय प्रमुखहरूका लागि सूचनाको हकका क्षेत्रमा प्रशिक्षक प्रशिक्षण प्रदान गरेको छ ।

१४.४ आयोगले राष्ट्रिय स्तरका पत्रपत्रिका, रेडियो, टिभी र अनलाइनमा कार्यरत पत्रकारहरूका लागि सूचनाको हकका क्षेत्रमा प्रशिक्षक प्रशिक्षण प्रदान गरेको छ ।

१५. रोस्टर निर्माणको प्रयास

आयोगले समय-समयमा राय सुझाव लिने, आयोगबाट तयार गरिने योजना, निर्देशिकाको मस्यौदा उपर प्रतिक्रिया हासिल गर्ने र सूचनाको हकका क्षेत्रमा भइरहेका नविनतम् अभ्यासबारे राय, सुझाव र जानकारी हासिल गर्ने ध्येयले यस क्षेत्रमा कार्यरत अभियान्ता, कानुन व्यवसायी, पूर्व आयुक्त, पूर्व प्रशासक, पत्रकार, बुद्धिजीवी, नागरिक समाजका अगुवा सहितको विज्ञको रोस्टर तयार गर्दै छ । यसका लागि आयोगको वेबसाईटमार्फत इच्छापत्र आव्हान गरिएको थियो । समय-समयमा आयोगले यस्तो विज्ञको रोस्टरमा परिमार्जन गर्ने नीति अवलम्बन गरेको छ ।

१६. निवन्ध प्रतियोगिता

आयोगले सूचनाको हकका क्षेत्रमा चासो जगाउने, यस क्षेत्रमा विश्लेषण र विवेचनात्मक दृष्टिकोणलाई स्थान दिने र आम जनतालाई सुसूचित गर्ने ध्येयले सार्वजनिक निकायमा कार्यरत सूचना अधिकारीहरू र पत्रकारहरूबीच छुट्टाछुट्टै निबन्ध प्रतियोगिताको आयोजना गरेको थियो । यसमा छुट्टाछुट्टै रूपमा प्रथम हुनेलाई प्रमाणपत्र सहित रु. २० हजार, द्वितीय हुनेलाई रु. १० हजार र तृतीय हुनेलाई रु. ५ हजार नगद समेत प्रदान गरिएको छ ।

यसरी आयोजना गरिएको निबन्ध प्रतियोगितामा प्राप्त निबन्धहरूको निष्पक्ष मूल्यांकन गर्न पूर्व सूचना आयुक्त श्री श्रीआर्चायको संयोजकत्वमा वरिष्ठ पत्रकारद्वय श्री तीर्थ कोईराला र श्री एकराज पाठकको सहभागितामा तीन सदस्यीय मूल्यांकन समिति गठन गरिएको थियो । साथै, यस प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई एक समारोहका बीच व्यवस्थापिका संसद्का माननीय सभापति श्री रवीन्द्र अधिकारीको प्रमुख आतिथ्यतामा प्रमाणपत्र र नगद पुरस्कार वितरण गरिएको थियो ।

१६.१ सार्वजनिक निकायका सूचना अधिकारीहरूतर्फ श्री रमेश अर्याल प्रथम, श्री कृष्णबहादुर लिम्बु द्वितीय र श्री जीवनकुमार राई तृतीय हुनुभएको थियो ।

१६.२ सञ्चारकर्मीहरू तथा पत्रकारहरूतर्फ श्री चुडामणि भट्टराई प्रथम, श्री घनश्याम सापकोटा द्वितीय र श्री राकेशकुमार चौधरी तृतीय हुनुभएको थियो ।

१७. ऐन संशोधनको प्रस्ताव

सूचनाको हकसम्बन्धी ऐनमा समसामायिक संशोधन गर्न आयोगबाट विशेष समिति गठन गर्नुका साथै विज्ञहरूसँग परामर्श गरिएको छ जसअनुसार तयार भएको संशोधन प्रस्ताव व्यवस्थापिका संसद्को विकास समिति र सूचना तथा संचार मन्त्रालयमा पठाइने छ ।

१८. बुलेटिन र लेखको सँगालो प्रकाशित

सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्न गठित राष्ट्रिय सूचना आयोगले आफ्ना गतिविधिहरू समेटिएको चौमासिक बुलेटिन प्रकाशित गर्दै छ । यसै गरी सूचनाको हकको क्षेत्रमा कार्यरत आयुक्त, पूर्व आयुक्त, प्रशासक, अभियान्ता, कानुनविद, संचारकर्मी, बुद्धिजीवी लगायतको लेखको संकलन प्रकाशित हुँदै छ ।

१९. स्वत: प्रकाशन (Proactive Disclosure) मा बढोत्तरी

आयोगको गठन, आयोगबाट केन्द्रीय स्तरका निकायका सचिवहरूको नाममा आदेश जारी भएको र सूचनाको हकका क्षेत्रमा देखिएको सचेतना र जिम्मेवारी बोधले मुलुकभरि नै स्वत: प्रकाशन (Proactive Disclosure) गर्ने प्रवृत्तिमा बढोत्तरी आएको छ ।

२०. सूचना अधिकारीहरूको सक्रियतामा अभिवृद्धि

सूचनाको हकसम्बन्धी ऐनबमोजिम सबै सार्वजनिक निकायमा अनिवार्य रूपमा सूचना अधिकारी तोकिइनुपर्ने, निजलाई सम्बन्धित निकायले सूचना उपलब्ध गराउनुपर्ने, निजलाई तालिम दिनुपर्ने, निजले पनि छुट्टै सूचना अधिकारीको कक्ष खडा गरी सूचना मागकर्तालाई सूचना दिने र यसको छुट्टै अभिलेख राख्ने पद्धतिमा उल्लेख्य सुधार आएको छ ।

२१. कार्यान्वयन र अनुगमनमा सरकारी क्रियाशीलता वृद्धि

नेपाल सरकार (म.प.) को मिति २०७० असोज ४ गतेको निर्णयद्वारा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गठित केन्द्रीय समन्वय एकाइ र सूचना तथा संचार मन्त्रालयका सचिवको संयोजकत्वमा गठित कार्यान्वयन अनुगमन एकाइले सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन र अनुगमनमा आफ्नो क्रियाशीलता वृद्धि गरेको छ । साथै माननीय सूचना तथा संचार मन्त्री स्तरीय २०७१ पुष २९ गतेको निर्णयानुसार हुलाक सेवा विभाग, क्षेत्रीय हुलाक निर्देशनालय र जिल्ला हुलाक कार्यालयहरूबाट तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गरेनगरेको, सूचना अधिकारी तोके-नतोकेको र सूचना मागको छुट्टै अभिलेख राखे-नराखेको सन्दर्भमा कार्यान्वयन र अनुगमनको कार्यमा सक्रियता अभिवृद्धि भएको छ । हाल क्षेत्रीय स्तरका हुलाक कार्यालयहरूलाई वार्षिक रु तीस हजार र जिल्ला स्तरीय हुलाक कार्यालयहरूलाई वार्षिक रु पच्चीस हजार बजेट उपलब्ध गराइएको छ । यस्तो स्रोत र साधन तथा तालिममा अभिवृद्धि गरी यस कार्यलाई थप प्रभावकारिता दिनुपर्ने महसुस गरिएको छ ।

२२. आयोगबाट पुनरावेदनको फर्स्योटमा वृद्धि :

२०७१ पुष ३० गते आयोगमा पदाधिकारीहरूले पदबहाली गरेपछिको पहिलो ६ महिनामा आयोगबाट उल्लेख्यरूपमा आदेश/निर्णय जारी भएका छन् । यसरी आयोगमा पर्न आएका पुनरावेदनमा माग भएअनुसार सूचना दिनू भन्ने आदेश जारीमा वृद्धि भएको छ । साथै आयोगबाट आदेश जारी भएपछि सूचना प्रवाह गरिएका फाइलहरूको लगतकट्टा गर्ने, अदालतमा विचाराधीन विषयहरूमा अदालतको फैसलाबमोजिम जगाउने गरी मुल्तबीमा राख्ने र लामो समयसम्म पनि सूचना मागकर्ताले

आयोगमा सम्पर्क राख्न नआएमा मिसिलमा पछि सूचना मागकर्ताले सूचना पाइनँ भनी उजुरी गर्न आएका बखत पुनः जगाउने गरी तामेलीमा राख्ने गरिएको छ । यसरी आयोगमा परेका पुनरावेदनलाई समयमै फर्स्योट गर्नेतर्फ आयोग क्रियाशील छ ।

आयोगबाट गरिएका आदेश/फैसलाको पारदर्शीताका लागि आयोगको वेबसाइट www.nic.gov.np मा सबै आदेश/निर्णयहरू राख्ने गरिएको छ ।

२३. जिल्ला स्तरीय गोष्ठी र अभिमुखीकरण कार्यक्रममा विस्तार :

आयोगबाट जिल्ला स्तरमा सूचनाको हकसम्बन्धी तालिम, गोष्ठी, अभिमुखीकरण लगायतका विविध कार्यक्रम संचालन गरी सार्वजनिक निकायका पदाधिकारीहरू, राजनैतिक दलका प्रतिनिधिहरू, संचारकर्मी, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, शिक्षक, वुद्धिजीवी एवं नागरिक समाजका अगुवाहरू बीच नागरिकको सूचनाको मौलिक हकलाई प्रवर्द्धन गर्ने गरिएको छ ।

प्रस्तुत ६ महिनाको अवधिमा यस्ता जिल्ला स्तरीय कार्यक्रम धादिङ, नुवाकोट, लम्जुङ, स्याङ्जा, कास्की, वाग्लुङ, पर्वत, दैलेख, बाँके, सुर्खेत, रामेछाप, दोलखा, पर्सा, दाङ, इलाम, मोरङ, सुनसरी, काभ्रे, धनुषा, महोत्तरी, धनकुटा, डडेलधुरा र बैतडीमा सम्पन्न भएका छन् ।

२४. सरोकारवालासँग निरन्तर भेटघाट र छलफल :

राष्ट्रिय सूचना आयोगको कामलाई प्रभावकारी तुल्याउन, सूचनाको हकको प्रचलनमा बढोत्तरी ल्याउन र मुलुकमा पारदर्शी कार्य संस्कृतिको विकास गर्न आयोगका पदाधिकारीहरूबाट निरन्तर उच्च पदाधिकारी र सरोकारवालासँग भेटघाट र छलफल भइरहेको छ ।

२४.१ सम्माननीय राष्ट्रपति श्री डा. रामवरण यादव, सम्मानीय प्रधानमन्त्री श्री सुशील कोइराला, सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ र सम्माननीय सभामुख श्री सुवाषचन्द्र नेम्बाङसँग विभिन्न समयमा भेटघाट/छलफल गरी सूचनाको हकको प्रभावकारी प्रचलनका लागि ध्यानाकर्षण गराइएको छ ।

२४.२ माननीय सूचना तथा संचार मन्त्री, नेपाल सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालयका सचिवहरू, नेपाल पत्रकार महासंघका अध्यक्ष, सूचनाको हकका क्षेत्रमा कार्यरत अभियान्ता र कानुनविद्हरूसँग निरन्तर भेटघाट/छलफल भइरहेको छ । यी सबै भेटघाटमा सूचना अधिकारीहरूलाई थप प्रभावकारी तुल्याउने, तीन/तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने सूचना सार्वजनिक गर्न निश्चित पद्धति कायम गर्ने र खुल्ला कार्य संस्कृतिको प्रवर्द्धनमा सार्वजनिक निकायहरू स्वतःस्फुर्त रूपमा क्रियाशील हुनुपर्ने तर्फ उत्प्रेरित गरिएको छ ।

२४.३ जनताको सूचनाको हकको प्रचलनमा प्रत्यक्ष सकारात्मक भूमिका निर्वाह गर्ने संचारकर्मीहरूसँग आयोगले निरन्तर भेटघाट र छलफल गरी जनताको पक्षमा सार्वजनिक निकायबाट सूचना हासिल गरी जनतालाई सुसूचित गरी दिन विशेष आग्रह गर्दै आएको छ ।

२५. विशेष सूचनाहरू सार्वजनिक गराउने प्रयास :

आयोगबाट आम नागरिकको जान्ने र थाहा पाउने मौलिक हकको प्रचलनका लागि विभिन्न निकायसँग रहेका सूचनामा नागरिक पहुँच स्थापित गर्न विशेष पहल भइरहेको छ ।

२५.१ पेट्रोलियम पदार्थको मूल्य घटेका बखत तत्कालै सबै पेट्रोल पम्पले सोही मूल्य कायम गर्ने पद्धति अवलम्बन गर्न र व्यापारिक निकायले मासिक कोटा एवं पर्चेज डेलिभरी अर्डर (पी.डी.ओ.) हासिल गरी आयात गरेको विवरण तत्कालै सार्वजनिक गरी आपूर्ति व्यवस्थालाई सुनिश्चित गर्न नेपाल आयल निगमको ध्यानाकर्षण गरिएको छ ।

२५.२ काठमाडौँ उपत्यकाभित्र मेलम्ची खानेपानी आयोजनाको पाइप बिच्छाउने सन्दर्भमा सडक खन्ने, पुर्ने र साबिककै स्थानमा पुऱ्याउने सन्दर्भमा होडिङ बोर्डमार्फत आम जनतालाई सुसूचित गर्न ध्यानाकर्षण गरिएको छ ।

२५.३ लोक सेवा आयोग, शिक्षा सेवा आयोग र नेपाल बैंक लि. जस्ता निकायबाट संचालित परीक्षाको सरोकारवालाले उत्तरपुस्तिका हेर्न चाहेमा दिने प्रबन्ध गर्न पत्राचार भइरहेको छ।

२५.४ विभिन्न जलविद्युत् आयोजना सम्बन्धी सम्झौताहरू नागरिकबाट माग भइरहेकोले उपलब्ध गराउन आयोगले पहल गरिरहेको छ ।

२५.५ विभिन्न सरकारी निकाय र सार्वजनिक निकायबाट सम्पादित कामको जानकारी दिन नागरिकहरूबाट सूचना माग भइरहेको सन्दर्भमा आयोगले ती निकायहरूलाई माग अनुसारको सूचना दिन र आफूसँग सम्बन्धित विस्तृत सूचना तीन/तीन महिनामा गरिने स्वत: प्रकाशनमा समावेश गर्न उत्प्रेरित गरिरहेको छ ।

२६. नागरिकको अधिकारप्रति सजग गराउने सन्देश प्रवाह :

आयोगबाट आम नागरिकको सचेतनाका लागि प्रचार सामग्री तयार गरी टिभी, रेडियो, र पत्र पत्रिकाबाट प्रशारित/प्रकाशित गरिएको छ । यस सन्दर्भमा टेलिभिजनबाट वृत्तचित्र प्रशारण गरिएको छ । लोक कल्याणकारी विज्ञापन अन्तरगत सूचना विभागबाट विभिन्न सन्देशमूलक सामग्री प्रकाशन भएको छ । तर, यस क्षेत्रमा आयोजित जनचेतनाका कार्यक्रम संचालन गर्न स्रोतको अभाव भएको महसुस गरिएको छ ।

२७. मन्त्रालय र विभागको कार्य समीक्षा :

आयोगद्वारा विभिन्न प्रक्रियाका माध्यमद्वारा नेपाल सरकारका मन्त्रालय र विभागहरूमा सूचनाको हकको कार्यान्वयन स्थितिको समीक्षा (RTI Audit) गरिएको छ । आयोगले ती निकायहरूलाई यस क्षेत्रमा बजेट विनियोजन गरी (RTI Budget) सृजनशील कार्य गर्न उत्प्रेरित गरी आएको छ ।

२८. अनलाइन सूचना मागको व्यवस्था :

आयोगले अनलाइनमार्फत सूचना माग गर्न सक्ने पद्धतिको विकास गरेको छ । पाइलटिङको रूपमा १६ जिल्लाका ७ वटा कार्यालयहरूमा यस पद्धति लागू गरिएकोमा आ.व. २०७१/७२ मा अनलाइन मार्फत करिब ५६० वटा सूचना मागका निवेदन परेका छन् । अधिकांश निवेदनमा अनलाइनबाटै जवाफ पठाएको अर्थात् सूचना दिइएको स्थिति छ । साथै अनलाइनबाटै आयोगमा पुनरावेदन गर्न सकिने पद्धतिको पनि आरम्भ भएको छ । यस पद्धतिलाई नेपालभरिका सबै सार्वजनिक निकायमा लागु गर्न सके यस क्षेत्रमा कोसेढुङ्गा साबित हुने छ ।

२९. गैर सरकारी संस्था र अभियान्ताको क्रियाशीलतामा वृद्धि

आयोगको क्रियाशीलतासँगै सूचनाको हकका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था र अभियान्ताहरूको क्रियाशीलतामा पनि अभिवृद्धि भएको छ । आयोगले यस क्षेत्रमा कार्यरत संस्था र

व्यक्तिलाई थप कार्यक्रमका लागि पहल गरेको छ । आयोग यस क्षेत्रमा सबैसँग मिलेर सहकार्य गर्न उत्सुक रहेको सन्देश प्रवाह भएको छ ।

३०. आयोगको क्षमता एवं स्रोत साधन विस्तारको पहल

आयोगले आफ्नो क्षमता अभिवृद्धि, स्रोत साधनमा बढोत्तरी र आयोगको क्रियाशीलता मार्फत आम नेपाली जनताको सूचनाको हकको प्रभावकारी प्रचलन गराउने ध्येय राखेको छ ।

३०.१ आयोगले आफ्नो संगठन तालिकामा पुनरावलोकन गर्ने गृहकार्यलाई अन्तिम चरणमा पुऱ्याएको छ । यस अध्ययनभित्र तत्कालका लागि कम्तिमा ५ वटा विकास क्षेत्रमा आफ्नो कार्यालय स्थापना गर्ने लक्ष्य राखिएको छ ।

३०.२ आयोग हाल भाडाको घरमा रहेको छ । स्थायी प्रकृतिको यस आयोगले आफ्नै जग्गा र घर हुनुपर्ने मान्यताअनुसार यसको खोजीलाई तीव्रता दिएको छ । छिट्टै नै आयोगको आफ्नै घरजग्गा हुने कुरामा विश्वास बढेको छ ।

३०.३ आयोगले आफ्नो वेबसाईटमा व्यापक परिमार्जन र सुधार गरेको छ । यसबाट आयोगको वेबसाईट उपभोगकर्ताको वृद्धि हुनुका साथै अधिकतम सूचनाहरू समावेश हुँदै गएको छ ।

३०.४ आयोगले नेपाल सरकारका निकायहरूमा Digital Information System स्थापना गर्न विज्ञहरूलाई सफ्टवेयर तयारीको जिम्मेवारी दिएको छ । निकट भविष्यमै आयोगले सो सफ्टवेयर नेपाल सरकारलाई सुझाव स्वरूप हस्तान्तरण गर्ने छ ।

३०.५ आयोगका विगतका प्रतिवेदनहरूको सारांश अंग्रेजी भाषामा प्रकाशन भएको छ । यसै गरी आयोगको संक्षिप्त चिनारी र नेपालमा सूचनाको हकको स्थितिका बारेमा जानकारी दिने छुट्टाछुट्टै पुस्तिकाहरू पनि अंग्रेजी भाषामा प्रकाशित भएका छन् ।

३०.६ आयोगको दैनिक प्रशासनिक काम कारवाहीलाई चुस्त, दुरुस्त र पारदर्शी तुल्याउँदै लगिएको छ । आयोगका काम-कारवाहीहरू सेवाग्राही मैत्री तुल्याउने र सूचनाको हकको प्रभावकारी प्रचलनमा प्रत्यक्ष सघाउ पुऱ्याउने ढंगले कार्यशैलीमा सुधार गरी वैज्ञानिक पद्धति अपनाइएको छ ।

३१. आ.व. २०७२।०७३ को नीति र बजेट

आ.व. २०७२।०७३ को नेपाल सरकारको नीति र कार्यक्रम तथा बजेट बक्तव्यमा राष्ट्रिय सूचना आयोगको क्षमता अभिवृद्धि गरिने लक्ष्य राखिएको छ । यसैअनुसार आ.व. २०७२।०७३ को बजेटद्वारा आयोगलाई अपेक्षित स्रोत उपलब्ध हुनुका साथै मुलुकभित्र सूचनाको हकको संरक्षण, संबर्द्धन र प्रचलनमा प्रत्यक्ष सघाउ पुग्ने कार्यक्रमले प्राथमिकता पाउने कुरामा आयोग विश्वस्त छ ।

३२. आयोगको पाँच वर्षे रणनीतिपत्रमा परिमार्जन :

सन् २०१३-२०१८ को लागि तयार भएको आयोगको ५ वर्षे रणनीति पत्रमा समय सापेक्ष परिमार्जनको अभ्यास आरम्भ भएको छ । यसमा सूचनाको हकको प्रभावकारी प्रचलनका लागि प्रचार प्रसारमा जोड दिने, सूचना अधिकारीहरूलाई उत्प्रेरित गर्ने, सार्वजनिक निकायहरूलाई कानुनले निर्दिष्ट गरेको दायित्व पालना गर्न लगाउने, आयोगमा कार्यरत कर्मचारीलाई उत्प्रेरित गर्ने र तोकिएका लक्ष्य अनुगमन उपलब्धि हासिल गर्ने गरी रणनीतिपत्रमा परिमार्जन गर्ने लक्ष्य राखी काम अगाडि बढेको छ ।

राष्ट्रिय सूचना आयोग
काठमाडौँ, नेपाल
फोन नं. : ०१-४६०२७४७, ४६०२९२०, फ्याक्स : ०१-४६०१२१२
इमेल : info@nic.gov.np, वेभ : www.nic.gov.np

मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस । बबरमहल, काठमाडौं । फोन नं. ४२२५६९६